नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५

च.नं.
प.स. २०७९/०८०

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/daopalpa

मिति -२०८०।३।४

**तिनाउ नदी र आसपासका जोखिमयुक्त क्षेत्रमा नुहाउने, पौडी खेल्ने आदि क्रियाकलाप गर्दा सचेतता अपनाउने सम्बन्धि जिल्ला प्रशासन कार्यालयको अनुरोध ।।**

पाल्पा जिल्ला तिनाउ गाउँपालिका अन्तर्गत पर्ने तिनाउ नदिको झुम्सा देखि बुटवल उप-महानगरपालिकाको सीमाना दोभान आसपास सम्म विभिन्न स्थानबाट वनभोज, घुमघाम र पौडी खेल्ने उद्देश्यले ठूलो संख्यामा मानिसहरु जम्मा हुने, नुहाउने र पौडीखेल्ने गर्दै आएको सन्दर्भमा उक्त नदीका कयौं स्थानहरु अत्यन्त जटिल भूवनौट रहेको, ठूला र गहिरा गल्छिहरु रहेको, कतिपय स्थान अत्यन्त गहिरो रहेको, तिखा र डरलाग्दा ढुङ्गाहरु रहेको, जलविद्युत, तटवन्ध निर्माण लगायतको क्रममा प्रयोग भएका फलामे रडहरु रहेको आदी कारणवाट प्रत्येक वर्ष केहि व्यक्तिहरु डुब्ने, हराउने, ढुङ्गामा ठोकिने आदि कारणले दुःखद मृत्युवरण गर्नु परेको, कयौं घाइते हुने गरेका, हामी सवैलाई अवगत नै छ । यस वर्ष पनि त्यो क्रम यथावत नै देखिएको र कतिपय अवस्थामा भौगोलिक जटिलताका कारण उद्धार कार्य समेत अत्यन्त कठिन हुने गरेको हुंदा त्यस्तो जोखिम युक्त स्थानहरुमा नुहाउने, पौडि खेल्ने, डाइभ हान्ने लगायतका कार्य नगर्नु नगराउनु हुन सरोकारवाला सवै संग हार्दिक अनुरोध गर्दछौं । त्यस्ता जोखिमयुक्त स्थानमा मानिसलाई जान नदिन, सचेत गराउन र अनुगमनको व्यवस्था मिलाउन सम्बन्धित सामूदायिक वन उपभोक्ता समिति, स्थानीय सरोकारवाला निकायहरु, स्थानीय प्रहरी, स्थानीय क्लब लगायत संघसंस्थाहरु एवं स्थानीय वासीहरुलाई समेत अनुरोध गर्दछौं ।

बन्धु प्रसाद बास्तोला
प्रमुख जिल्ला अधिकारी